# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

स्नातकोत्तर तह (एम.एड.) शैक्षिक योजना तथा व्यवस्थापन विषय Ed. PM ५९८ को आंशिक आवश्यकता परिपूर्तिका लागि शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

शोध पत्र


शोधार्थी

ध्रुबप्रसाद सिलवाल

रजिष्ट्रेशन नं. - ३८१-८५

परीक्षा रोल नं. - २१४००८९ (२०६७)

शैक्षिक वर्ष :- ०६४/०६५

सुकुना बहुमुखी क्याम्पस,

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


चैत्र, २०६९

# सिफारीस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि ध्रुवप्रसाद सिलवालले **"शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका"** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारीस गर्दछु।

....................
खगेन्द्र लुइटेल
शोध निर्देशक

मिति : २०६९

# स्वीकृति पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङको स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि ध्रुवप्रसाद सिलवालले **"शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका"** शीर्षकमा तयार पार्नु भएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक, स्नातकोत्तर तह | ................. |
| २ | | सदस्य | .................. |
| ३ | | वाह्य परीक्षक | .................. |

मिति : २०६९

# कृतज्ञता ज्ञापन

शैक्षिक क्षेत्रमा सक्रिय रहनेउच्चस्तरको जनशक्ति उत्पादन गर्ने तथा तालिम प्राप्त शिक्षक/प्रशासक उत्पादन गर्ने लक्ष्य लिई त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङमा सञ्चालित स्नातकोत्तर तह एम.एड्. द्वितीय वर्षको Ed. ५९८ विषयमा समाजमा रहेका विद्यालय जाने उमेर भएका सम्पूर्ण बालबालिकालाई औपचारिक शिक्षाको पहुँच भित्र ल्याई गुणस्तरीय शिक्षा दिनलाई शैक्षणिक व्यवस्थापनको ज्ञान दिई व्यवहारमा निपूर्ण बनाउन गरिएको यो शोधकार्यका लागि आफ्नो समयको व्यस्तताका साथै सदा हौसला, निर्देशन, मार्गदर्शन र सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु खगेन्द्रप्रसाद लुइटेल प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्रको शीर्षक छनौट प्रस्तावनाको प्रारम्भिक स्वरुप हेरी आवश्यक सल्लाह प्रदान गर्नुहुने श्रद्धेय गुरु भोजराज घिमिरेप्रति आभारी छु । शोधपत्रको तयारीका लागि प्रस्तावनालाई विभागिय स्वीकृति प्रदान गरी अनुसन्धानका लागि मार्ग प्रसस्त गर्नुहुने विभागीय प्रमुख लक्ष्मी कुमार श्रेष्ठ ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययन कार्यमा प्रारम्भ देखि अन्तिम विन्दुसम्म आवश्यक सुझाब सल्लाह प्रेरणा दिई सहयोग गर्नुहुने श्री जीतबहादुर कटुवालप्रति आभार प्रकट गर्न चाहान्छु । यस शोधपत्र कार्यलाई आवश्यक पर्ने यथार्थ, तथ्याङ्क र जानकारी उपलब्ध गराई सहयोग पुराउनुहुने सम्पूर्ण प्र.अ., शिक्षक, विद्यार्थी,अभिभावक सबैलाई धन्यवाद दिन चाहान्छु । पारिवारिक जिम्मेवारी बहन गरी मेरो अध्ययन कार्यलाई मार्ग प्रसस्त गरिदिने मेरी जीवन साथी इन्दिरा सिलवाल र छोरीहरू रविना र रेखा सिलवाललाई स्मरण गर्न चाहान्छु ।

यसै गरी अध्ययन कार्यमा हौसला र प्रेरणा प्रदान गर्नुहुने साथीहरू बालकृष्ण अर्याल, तुलसीप्रसाद पोखेल, हेमराज गौतम, घनश्याम आचार्य, फौद्धबहादुर चौहान, महानन्द पण्डितलाई मित्रताको फराकिलो बन्धनमा लिएको छु । अन्त्यमा शोधपत्रलाई टाइपिङ, प्रिन्ट गरी सहयोग पुऱ्याउने यज्ञमणि निरौला र उद्धव सिलवाललाई धन्यवाद दिन चाहान्छु ।

२०६९, चैत्र

ध्रुबप्रसाद सिलवाल

## शोधसार

यो शोधपत्र विद्यालयको **शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका** शीर्षकमा तयार पारिएको छ । यस शोधपत्रको प्रमुख उद्देश्य शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका विश्लेषण गर्नु रहेको छ ।

यो शोधकार्य मोरङ जिल्ला सौंठा स्रोत केन्द्र भित्र सिजुवा, गोविन्दपुर र इटहरा गा.वि.स. भित्र सञ्चालित ६ ओटा सामुदायिक विद्यालयको प्राथमिक तहमा केन्द्रित रही सम्बन्धित विद्यालयका ६जना प्र.अ.,१२ जना शिक्षक र ६जना व्यवस्थापन समितिका अध्यक्ष / पदाधिकारी समेतलाई अध्ययनमा राखिएको छ । यो अध्ययन अगाडि बढाउन अन्तर्वार्ता निर्देशिका, अवलोकन फारम, समुह छलफल निर्देशिका, अभिलेख अध्ययन र प्रश्नावली जस्ता साधनबाट तथ्याङ्क संकलन गरी गुणात्मक तथा परिणात्मक दुबै ढाँचाको सहयोगबाट तथ्याङ्कलाई तालिकीकरण विधिको प्रयोग गर्दै सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको व्याख्या र विश्लेषण गरिएको छ ।

सामुदायिक विद्यालयमा शिक्षकको व्यवस्थापन गर्दा पुरुष शिक्षक भन्दा महिला शिक्षकको संख्या कम रहेको देखियो । शिक्षक नियुक्तिको प्रकार स्थायी, अस्थायी, राहत, निजि, करारमा राखिएको देखिन्छ । शिक्षकको आवश्यक न्यूनतम शैक्षिक योग्यता( एस.एल.सी.वा सो सरह उत्तीर्ण कम सङ्ख्या रहेकाछन् भने आवश्यक भन्दा माथि (+२ वा सो भन्दा माथि अधिक सङ्ख्या रहेको तथ्याङ्कबाट प्राप्त भएको छ । सामुदायिक प्राथमिक विद्यालयमा शिक्षक दरबन्दीको अभाव, न्यूनतम शैक्षिक योग्यता भएका शिक्षक अझै हुनु, कर्मचारीको उचित व्यवस्था हुन नसकेको, विद्यालयमा फर्निचरको अभाव, शैक्षिक सामग्रीको उचित व्यवस्था हुन नसकेको, खानेपानी र शौचालयको व्यवस्था राम्रो हुन नसकेको, धेरै विद्यालयमा कम्पाउण्डवाल हुन नसकेको समस्याहरू रहेका छन् ।

नियूक्ति प्रकृयामा महिलालाई विशेष प्राथमिकता दिई लैङ्गिक समानता गर्नुपर्नें देखिन्छ ।प्राथमिक तहमा कार्यरत शिक्षकहरूले आफूलाई सक्षम बनाएर पेशाप्रति मनोबल बढाएर, बालकेन्द्रित शिक्षण विधि अपनाएर, शैक्षिक सामग्रीको अत्याधिक प्रयोग गरी अध्यापन गरेको खण्डमा मात्र पाठ्यक्रमले तोकेको शैक्षिक लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सकिन्छ । राज्यले विद्यालयमा कार्यरत शिक्षकहरूलाई सुरक्षा प्रदान गर्दै समयसापेक्ष तालिमको व्यवस्था गर्नु पर्ने, भौतिक स्रोत व्यवस्थापन गरिनु पर्ने सुझाबहरू पेश गरिएको छ ।

# विषयसूची

| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता पत्र | ग |
| शोधसार | घ |
| तालिका सूची | छ |
| सांक्षिप्त शब्द रुप | ज |
| परिच्छेद एक : परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ५ |
| १.६ अध्ययनको परिसीमा | ६ |
| १.७ परिभाषा र व्याख्या | ६ |
| परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | ९ |
| २.३ पुनरावलोकनको उपादेयता | १२ |
| परिच्छेद तीन : अध्ययन विधि | |
| ३.१ अनुसन्धान ढाँचा | १३ |
| ३.२ जनसंख्या | १३ |
| ३.३ नमुनाको छनौट | १३ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधन | १५ |
| ३.५ तथ्याङ्कको स्रोत | १६ |
| ३.६ तथ्याङ्क सङ्कलन विधि | १६ |
| ३.७ तथ्याङ् विश्लेषण विधि | १७ |

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ शैक्षणिक व्यवस्थापनको वर्तमान अवस्था १८
४.१.१ कक्षाको बसाई व्यवस्थापन
४.१.२ समयको व्यवस्थापन
४.१.३ शिक्षक व्यवस्थापन १८
४.१.४ शिक्षक नियुक्तिको व्यवस्था १९
४.१.५ शिक्षकको शैक्षिक योग्यताको अवस्था २०
४.१.६ शिक्षक तलबमान र भत्ताको विवरण २२
४.१.७ शिक्षक विद्यार्थी अनुपात २२
४.१.८ पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन २३
४.१.९ शैक्षिक सामग्रीको व्यवस्थापन २४
४.२ विद्यालयमा नियमित पठनपाठनको स्थिति २७
४.२.१ पठनपाठनको नियमितता २७
४.२.२ विद्यालयका शिक्षकहरूको नियमितता २८
४.२.३ विद्यालयमा विद्यार्थीको नियमितता ३०
४.२.४ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नियमितता ३०
४.२.५ गृहकार्यको नियमितता
४.२.६ अतिरिक्त क्रियाकलापको नियमितता
४.२.७ कक्षा समयको नियमितता
४.३ विद्यालयको शैक्षणिक व्यवस्थापनका समस्या र चुनौतिहरू ३२
४.३.१ शैक्षिक सामग्रीसँग सम्बन्धित चुनौतिहरू
४.३.२ पुस्तकालय सँग सम्बन्धित चुनौतिहरू
४.३.३ प्रयोगशाला संग सम्वन्धित चुनौतिहरू
४.३.४ बसाई व्यवस्थापन संग सम्वन्धित चुनौति
४.३.५ शिक्षक व्यवस्थापन सँग सम्बन्धित चुनौतिहरू
४.३.६ शिक्षण विधि सगं सम्बन्धित चुनौतिहरू

## परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाबहरू

५.१ अध्ययनको प्राप्ती ३४
५.२ अध्ययनको निष्कर्ष ३६
५.३ अध्ययनको सुझावहरू ३६
५.३.१ नीतिगत तह ३७
५.३.२ अभ्यास तह ३७
५.३.३ अनुसन्धान तह ३८
सन्दर्भसूची ३९
अनुसूचीहरू ४०-५३

# तालिका सूची


| तालिका संख्या | | पेज |
|---|---|---|
| ३.१ | : नमुनाको आकार | १४ |
| ४.१ | : शिक्षकको सङ्ख्या र तालिमको अवस्था | १८ |
| ४.२ | : शिक्षकको नियुक्ति विवरण | २० |
| ४.३ | : शिक्षकको शैक्षिक योग्यताको विवरण | २१ |
| ४.४ | : शिक्षक तलबमानको विवरण | २२ |
| ४.५ | : शिक्षक विद्यार्थी अनुपातको विवरण | २३ |
| ४.६ | : कक्षा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरूको अवस्था र उपयोगिताको स्थिति | २५ |
| ४.७ | : शैक्षिक सामग्रीहरूको संग्रह गर्ने स्रोतहरू | २६ |

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| गा.वि.स. | गाँउ विकास समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यलय |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.नि. | विद्यालय निरिक्षक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| रा.शि.अ. | राष्ट्रिय शिक्षा आयोग |
| शै. ज.वि.के | शैक्षिक जनशक्ति विकास केन्द्र |
| शि.अ.सं. | शिक्षक अभिभावक संघ |
| शै.स. | शैक्षिक सत्र |
| त्रि.वि. | त्रिभूवन विश्व विद्यालय |